# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८२/८३
चलानी नम्बर :

## स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०७/१६/ने.सं.११४६ कछलाथ्व १२

यस गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण भई पालिका भित्रका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम कार्यान्वयन भैरहेको छ। उक्त पाठ्यक्रम तथा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका २०७९ समेतको आधारमा शिक्षण सिकाइलाई प्रभावकारी र सरल बनाउने उद्देश्यले चालु आर्थिक वर्ष २०८२/८३ को स्थानीय पाठ्यपुस्तक कक्षा १-३ को निर्माण गर्न हाम्रो मालारानी पाठ्यपुस्तक लेखन कार्यको लागि बजेट विनियोजन भएको हुँदा सोको कार्यान्वयन गर्न लेखक तथा लेखक परामर्श संस्था आवश्यक भएकोले इच्छुक एवं सक्षम लेखक तथा लेखक परामर्श संस्थाहरूको लागि मिति २०८२/०७/२३ गतेभित्रमा आफ्नो पाठ्यपुस्तक लेखन सम्बन्धी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

प्रस्ताप पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरू:

१. पाठ्यपुस्तक लेखनका लागि लेखक तथा लेखक परामर्श संस्थाको निवेदन
२. पाठ्यपुस्तक लेखन कार्यमा लाग्न अधिकतम समय, रकम र प्रयोग हुने स्रोत साधनको Terms of Reference सहित प्रस्ताव पत्र
३. संलग्न लेखक तथा लेखक संस्थाको स्थायी लेखा नं,दर्ता तथा नवीकरण भएको प्रमाणको प्रतिलिपि
४. पाठ्यपुस्तक लेखन कार्यमा संलग्न हुने लेखकको शिक्षाशास्त्रमा कम्तीमा स्नातक वा सोसरह तालिम प्रप्त भई शिक्षण तथा शिक्षा क्षेत्रमा अधिकृत स्तरको कम्तीमा ५ वर्षको अनुभव प्राप्त भएको प्रमाणित योग्यताको प्रमाण पत्रको प्रतिलिपि
५. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
६. सम्बन्धित विषय क्षेत्र लेखनको अनुभव भए सोको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि (समान योग्यता भएमा अनुभवीलाई प्राथमिकता दिइने)
७. अन्य आवश्यक कागजात

२०८२/७/१६
..........................
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः तोकिएको समय नाघी पेश हुन आएका आवेदन माथि कारबाही नहुने जानकारी समेत अनुरोध छ।*